# स्थानीय तहमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु

## १ बजेटको पूर्वतयारी

पहिलो चरणमा केन्द्र सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछ। बजेट मार्गदर्शनमा केन्द्र सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनुपर्ने विषयहरू समावेश हुनेछ। स्थानीय तहले आर्थिक, सामाजिक, वन तथा वातावरण, सुशासन र संस्थागत विकास र पूर्वाधार विकास गरी विकासका क्रियाकलापहरू समिति बनाई क्षेत्र तोक्नुपर्छ। सङ्घ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने काम चैत्र मसान्तभित्र सकिन्छ।

## २ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

यस चरणमा स्थानीय सरकारको धेरै क्रियाशीलता आवश्यक हुन्छ। गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ। यो समितिले राजस्वका स्रोत, दायरा र दरको समेत प्रस्ताव गर्नेछ। गाउँ/नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ। यो समिति पनि ७ सदस्यीय हुनेछ। यो समितिले वडा तह र बस्ती स्तरमा योजना छनोटको ढाँचा र बस्ती स्तरको योजना छनोटको मिति समेत तय गरी सूचना जारी गर्नेछ। यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख १५ भित्र गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ।

## ३ बस्तीबाट योजना छनौट

तेस्रो चरणमा बस्ती र टोल स्तरबाट योजना छनौट गरिन्छ। एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन्। यस्ता टोलहरूमध्येबाट वडाले सबै समुदायको प्रतिनिधित्व हुने गरी टोलटोल वा बस्तीमा सबै सरोकारवालाको भेला गर्छ। सामान्यतया: यो चरण वैशाख मसान्तभित्र पूरा गरिसक्नुपर्छ। बस्ती तथा टोलको योजना छनोटमा सबै समुदायको सहभागिता हुन्छ। बालबालिकाको पनि बेग्लै भेला गराउनु वा अर्थपूर्ण सहभागिता गराउनु यो चरणमा महत्त्वपूर्ण हुन्छ।

## ४ वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण

वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रसमेत छुट्याएर प्राथमिकता दिनुपर्दछ। यो प्रक्रिया वडा स्तरीय बालभेलाबाट प्राथमिकीकरण भएर आएका मागहरुका आधारमा बालबालिकासँग सम्बन्धित कार्यक्रम गर्नुपर्दछ। यो चरणमा गर्नुपर्ने काम साधारणतया जेठ १० गतेभित्र सम्पन्न गरिसक्नुपर्दछ।

## ५ एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुंगो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरु सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ। यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, सुशासन र संस्थागत विकास, संस्थागत, वित्तीय व्यवस्थापन सम्बन्धि विषयगत कार्यक्रमहरुको सूची तयार गर्नेछ। यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराइन्छ। यी सबै प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक कार्यक्रमको प्रस्ताव तयार हुन्छ। यो चरणमा गर्नुपर्ने कामहरू असार ५ गतेभित्र गरिसक्नुपर्दछ।

## ६ गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

गाउँ तथा नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेका वार्षिक कार्यक्रम नगर तथा गाउँ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ। गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ।

## ७ गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

सातौं तथा अन्तिम चरणमा यसरी पेस भएका नीति र कार्यक्रम नगर/गाउँ सभाले दफावार छलफल गरी पारित गर्नेछन्। नीति तथा कार्यक्रम असार २५ र बजेट असार मसान्तसम्म पारित हुन्छ। यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था गरिएको छ। साउन १५ सम्ममा सर्वसाधारणको जानकारीका लागि प्रकाशित पनि गर्नुपर्छ।

# बालभेलाको प्रक्रिया

१. उद्घाटन (बालबालिकाले रोजेको ठाँउ)
२. परिचय
३. उद्येश्यमाथि प्रकाश (स्थानीय योजनामा बालबालिकाको सरोकार समावेश गर्ने)
४. समूह विभाजन
   - ८-११ बर्षका बालबालिका
   - १२-१८ वर्षका बालिका
   - १२-१८ बर्पका बालक

**बाल भेलामा प्रयोग हुने औजार/विधिहरू**

५. शरिर नक्साङ्कन
६. मन पर्ने र मन नपर्ने
७. सुरक्षित र असुरक्षित
८. परिकल्पना (के भएको हेर्न चाहने)

९. समस्या, सवाल र माग छुट्याउने
१०. प्राथमिकीकरण गर्ने
११. निर्णय लेख्ने (माइन्युटिङ् गर्ने) (स्रोत विनियोजन)
१२. गाउँ सभा वा नगर सभाबाट पारित

Sweden Sverige

Save the Children

कन्सोर्टियम-नेपाल
Consortium Nepal